# संविधान दिवसको शुभकामना सन्देश

**आदरणीय दाजुभाइ तथा दिदीवहिनीहरु !**

छ दशक भन्दा लामो समय अवधिको नेपाली जनताको निरन्तर संघर्ष र वलिदान पछि आफ्नो प्रतिनिधिहरुबाट मुलुकको सार्वाङ्गीण विकास र नेपाली जनताको हितको निम्ति संविधान निर्माण गर्ने उत्कट अभिलाषालाई जननिर्वाचित संविधानसभाले २०७२ आश्विन ३ गते नेपालको संविधान जारी गरेर मूर्त रुप प्रदान गरेको छ । साथसाथै स्थानीय तह, प्रदेश तह र केन्द्रीय तहको निर्वाचन सम्पन्न भई तीनै तहको सरकारले स्फुर्त रुपमा कार्य सञ्चालन गरिरहेको यो अवस्था वास्तवमा संविधान पूर्णरुपमा नै कार्यान्वयनमा आएको अवस्था हो । यस अवसरमा यो महान उद्देश्य प्राप्तिकोलागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति म नतमष्तक भई हार्दिक श्रध्दाञ्जली अर्पण गर्न चाहन्छु ।

नेपालको संविधानले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधतायुक्त राष्ट्रको रुपमा परिभाषित गर्दै मुलुकमा विद्यमान जातीय, भाषिक, सांस्कृतिक, धार्मिक, लैगिक तथा क्षेत्रीय भेदभाव र छुवाछुतलाई अन्त्य गरेर सामाजिक सद्भाव कायम गर्ने र संघीयता, बहुदलीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्था, मौलिक अधिकार, मानव अधिकार, आवधिक निर्वाचन आदिको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । साथै स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीयलोकतान्त्रिक, गणतन्त्रात्मक राज्यको रुपमा नेपाललाई सुदृढ र मजवुत बनाउने यो संविधानको उद्देश्य रहेको छ । भोली आश्विन ३ गते मनाउन लागिएको संविधान दिवसले हामी नेपालीलाई नेपालको संविधान प्रति प्रतिवद्ध बन्ने प्रेरणा दिन सकोस र हामी सबैले एक जुट भएर मुलुकमा शान्ति, विकास र समृद्धिको लागि यथासक्य योगदान पुर्याउन सकौं सबैमा यही शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद !**

प्रा.डा. गोविन्द बहादुर तुम्बाहाङ

२०७५ आश्विन २ गते

**प्रदेश प्रमुख**

प्रदेश नं. १

प्रा. डा. गोबिन्द बहादुर तुम्बाहाङ
**प्रदेश प्रमुख**